मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २७ ◆ अङ्क : ६२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ माघ ४ गते मंगलवार (Tuesday, January 18. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## बालिकालाई करणीपछि हत्या !

**काठमाडौं, माघ ३।** ९ वर्षीया बालिकालाई जबरजस्ती करणी गरी हत्या गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा बारा आदर्शकोतवाल गाउँपालिका-८ टोल कोतवाली ठेगाना भएका २० वर्षीय सन्तोष साह कानू र सोही ठाउँ बस्ने ४० वर्षीया शान्तिदेवी रहेका छन्। गत पुस २५ गते दिउँसोको समयमा घरबाट बाख्रा लिई चराउन गएकी ती बालिका हराई बेपत्ता भएकोमा पुस २७ गते दिउँसो आदर्शकोतवाल गाउँपालिका-७ स्थित

(बाँकी अन्तिम पृष्ठमा)



**गौतम बुद्धको मूर्तिः** ताप्लेजुङको सदरमुकाम फुङ्लिङ नगरपालिका-७ अवस्थित काम्छाङ छ्याइङ् ग्यासालिङ् गुम्बाको परिसरमा रहेको गौतम बुद्धको मूर्ति। **तस्वीर : रासस**

# हराएपछि भेट्नै मुस्किल

**नरेन्द्र ढकाल**

**बिर्तामोड, माघ ३।** झापाका शहरी क्षेत्रमा किनमेलका लागि जाँदा सवारी साधन पार्किङ गरेको ठाउँबाट होस् अथवा घुम्न जाने क्रममा राखिएका मोटरसाइकल हराउने क्रम बढ्दो छ। कतिपय त घरबाटै मोटरसाइकल चोरी भएका उजुरी प्रहरीकोमा पर्ने गरेको छ।

विशेषगरी महङ्गा मोटरसाइकल धेरै हराएको उजुरी पर्ने गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। जिल्ला प्रहरी कार्यालय झापामा मोटरसाइकल हराएको उजुरी परेको आधारमा भेटिएको मोटरसाइकलको संख्या ज्याँदै न्यून छ। मोटरसाइकलको सुरक्षा संयन्त्र निकै कमजोर भएको हुँदा जो कोहीले पनि सजिलै चोर्न सक्ने प्रहरीको भनाइ छ।

अनुसन्धानका क्रममा झापाबाट चोरी भएका मोटरसाइकलहरु पहाडी जिल्लामा विक्री भएको पाइएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बसन्त पाठकले तीनवटा सम्भावित क्षेत्रको पहिचान गरेको बताए। चोरी गर्ने गिरोहले पहाडी जिल्लाका दुर्गम स्थानमा लगेर बेच्ने, खुल्ला सीमानाको फाइदा उठाएर भारत पुऱ्याएर बेच्ने तथा नेपालमै पार्टपुर्जा निकालेर बिक्री गर्ने गरेको पाइएको जानकारी दिए।

जिल्ला प्रहरी कार्यालय झापाले हराएका मोटरसाइकल खोजीका लागि भनेर छुट्टै कुनै अभियान नचलाए पनि चोरी भएको उजुरी आए लगत्तै जिल्लाभर ट्राफिक प्रहरीसँगको समन्वयमा चेकजाँचलाई तीब्र बनाउने गरेको प्रहरी नायव उपरीक्षक पाठकले बताए।

आर्थिक वर्ष २०७७/०७८मा ७४ वटा मोटरसाइकल हराएकोमा ४७ वटा फेला परेको थियो। चोरीमा संलग्न ५०



## झापामा मोटरसाइकल चोरी बढ्यो

जनालाई पक्राउ गर्नुका साथै ३८ वटा मुद्दा दायर गरिएको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख छ। त्यस्तै चालू आर्थिक वर्ष २०७८/०७९को पाँच महिनाको अवधिमा २८ वटा मोटरसाइकल हराइसकेको छ भने ६ वटा मोटरसाइकल मात्र फेला परेको प्रहरीले जनाएको छ। चोरीमा संलग्न ६ जना पक्राउ परेका छन् भने चार वटा मुद्दा चलाइएको प्रहरी प्रवक्ता पाठकले जानकारी दिए।

मोटरसाइकल चोरीका घटना बढे पनि भेटिने अनुपात साह्है न्यून भएकाले प्रहरीले लामो समयसम्म मोटरसाइकल पार्किङ गरेर राख्नुपर्ने अवस्थामा चेन तथा अन्य तरिकाबाट लक गर्न सुझाव दिएको छ। चावीको भरमा मोटरसाइकल छोडिँदा चोरीको दर बढ्ने प्रहरी नायव उपरीक्षक पाठकले बताए। नक्कली लाइसेन्स तथा ब्लुबुक समेत प्रयोग गरेर चलाउने गरेको कतिपयलाई पक्राउ गरेर प्रहरीले चेकजाँचमा कडाइ गरेको र शंकास्पद देखिएमा तुरुन्त नियन्त्रणमा लिएर अनुसन्धान गर्ने गरेको प्रहरी नायव उपरीक्षक पाठकले बताए।

मोटरसाइकल चोरी हुने प्रमुख कारण एकान्त स्थानमा पार्किङ रहेको प्रहरीको भनाइ छ। कतिपय अवस्थामा भने गिरोहको सक्रियताले भीडभाडबाटै मोटरसाइकल चोरी गर्ने गरेको पाइएको प्रहरीले जनाएको छ। भीडभाडमा मोटरसाइकल पार्किङ गरेपछि मोटरसाइकल धनीको क्रियाकलापलाई ध्यान दिएर समेत मोटरसाइकल चोरी गर्ने गिरोह समेत सक्रिय रहेको प्रहरीको भनाइ छ।

मोटरसाइकल चोरी गर्नेको गिरोह नै सक्रिय रहेको भन्दै प्रहरीले एउटाले पार्किङबाट नजिकको लोकेशनसम्म पुऱ्याइदिने र त्यहाँबाट गिरोहले पालैपालो नजिकको अर्को लोकेशनमा पुऱ्याइदिने हुँदा एउटा मोटरसाइकल चोरीमा धेरै व्यक्ति सहभागी हुने गरेको पाइएको प्रहरीले जनाएको छ।

ब्लुबुक तथा लाइसेन्स जाँच गर्ने संयन्त्र नहुँदा कतिपय अवस्थामा छुट्याउन कठिन परेकाले समेत चोरीका मोटरसाइकल निर्वाध गुडिरहेको प्रहरीको भनाइ छ। नेपालमा चोरी गरी भारतमा र भारतमा चोरी गरी नेपालमा समेत बिक्री हुने गरेको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय झापाले कसैले शंकास्पद रुपमा सवारी सञ्चालन गरिरहेको थाह पाए खबर गर्न अनुरोध गर्नुका साथै कागजपत्र नभएका सवारी नकिन्न अनुरोध समेत गरेको छ। झापाको बिर्तामोड, काँकरभिट्टा, भद्रपुर तथा दमक क्षेत्रबाट धेरै संख्यामा मोटरसाइकल चोरीका घटनाहरु हुने गरेको प्रहरीले जनाएको छ।

# नक्कली मोबिल बनाई बिक्री गर्दा...

**झापा, माघ ३।** नक्कली मोबिल बनाई विक्री गरेको अभियोगमा रौतहट राजदेवी नगरपालिका-९ बस्ने २८ वर्षीय राणा रौशन सिंह र ४२ वर्षीय हरेन्द्रकुमार सिंहलाई प्रहरीले पक्राउ गरेको छ।

गौर नगरपालिका-५ ब्रहर्वा पुल नजिक राणा रौशन सिंहको जय शिव शक्ति अटोमोबाईल पसल र सो पसल नजिक गोदाममा विभिन्न कम्पनीको लोगो प्रयोग गरी झुक्यानमा पारी बाहिरबाट सो कम्पनीको मोबिल तथा मोटरसाइकलका पार्ट्सहरु ल्याई भण्डारण गरी कालो बजारी गरेको भन्ने सूचनाका अधारमा जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो। उनीहरूको पसल तथा गोदामबाट प्रहरीले ३ हजार बट्टा मोबिल, २ सय लिटरका २ ड्रम खुल्ला मोबिल र ९ वटा खाली ड्रम बरामद गरेको छ।

उता ठगी कसूरका फरार प्रतिवादी दाङ घोराही उपमहानगरपालिका-१५ लालीगुराँस टोल वतन भएका ४१ वर्षीय विकाश पुनलाई सोमबार प्रहरीले पक्राउ गरेको छ।

ठगी कसूर अन्तर्गत मुद्दा दर्ता भई फरार रहेका विकास काठमाडौंका विभिन्न स्थानहरूमा लुकिछिपी बसेको भन्ने सूचनाको आधारमा प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-११ सुन्धारास्थित होटल भ्यू ग्लोबलमा लुकिछिपी बसिरहेको अवस्थामा फेला पारी उनलाई पक्राउ गरेको हो। साथै उनले प्रयोग गर्दै आएको प्रदेश ३-०१-०२२ च ०११८ नम्बरको गाडी समेत प्रहरीले बरामद गरेको छ।

विभिन्न मितिमा ज्यान मार्ने उद्योग, हातहतियार तथा खरखजना, डाँका चोरी र कुटपिट कसूरमा समेत संलग्न रहेको खुल्न आएका उनलाई आवश्यक कानूनी कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय दाङ पठाइएको उक्त ब्यूरोले जनाएको छ।

# गरुवामा पुल निर्माण तीब्र

**बिमल दाहाल**

**माई, माघ ३।** माई-४ को धरमपुर-सिन्जालीटार जोड्ने गरुवा खोलामा गत बर्ष शिलान्यास भई रोकिएको पुल निर्माण कार्य तीब्र गतिमा हुन थालेको छ।

निर्माण कम्पनीले बिभिन्न बहानामा करिब ८ महिना काम रोकेपछि गत महिना पूर्बाञ्चलडेली डटकमले 'अर्थमन्त्री आङ्बोले शिलान्यास गरेको पुल अलपत्र अबस्थामा' शीर्षकमा समाचार प्रकाशित गरेको थियो। समचारको प्रभावका कारण निर्माण कम्पनीलाई अर्थमन्त्री आङ्बो र माइका मेयर दीपककुमार थेबेले सम्पर्क गरी छिटो काम गर्न सचेत गराएका थिए।

प्रदेश र स्थानीय सरकारको लागत साझेदारीमा निर्माण शुरु भएको पुल गत वर्ष १ नम्बर प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री इन्द्र आङ्बोले शिलान्यास गरेका थिए। २ करोड १८ लाख रुपैयाँ लागतमा निर्माण गरिने २५ मिटर लम्बाइको पुलको निर्माण कार्य अहिले तीब्र गतिमा भइरहेको छ।

स्थानीयको मागका आधारमा इलामका प्रदेश

**समाचार प्रभाव**

सांसद काजीमान कागते र माईका मेयर दीपककुमार थेवेको पहलमा पुल निर्माणको योजना ल्याइएको र अर्थमन्त्री आङ्बोले योजना स्वीकृत गराई शिलान्यास गरेका थिए। बर्खायाममा खोला तर्न नसक्दा वर्षौंदेखि सास्ती खेपिरहेका माईवासी गरुवा खोलामाथि पक्की पुल निर्माण हुने निश्चित

(बाँकी अन्तिम पृष्ठमा)

# बुस्टर डोज दिन शुरु

**काठमाडौँ, माघ ३।** सरकारले कोरोना भाइरसविरुद्धको खोप लक्ष्यउन्मुख जनसंख्यालाई दिन शुरु गरेको छ।

छ महिनाअघि बनेको वर्तमान सरकारले नागरिकलाई कोरोनाविरुद्धको खोपलाई प्राथमिकता दिएको थियो र पुस मसान्तसम्म लक्षित समुदायको दुई तिहाइ जनसंख्यालाई खोप दिने लक्ष्य लिएको थियो।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अहिले ७९.५ प्रतिशत पहिलो मात्रा र करिब ६१ प्रतिशत पूर्ण मात्राको खोप लगाएको छ। दुई तिहाइ ६६ प्रतिशतमध्ये पहिलो मात्रा लक्ष्य भन्दाबढी अर्थात् ७९.५ प्रतिशत हो भने पूर्ण मात्रा पनि लक्ष्यको नजिक पुगेको छ।

सरकारले लिएको खोपको लक्ष्यअनुसार कार्यक्रममा सफलता पाइरहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। त्यस्तै अहिलेसम्मको तथ्याङ्क हेर्दा मनाङ, मुस्ताङ र कास्कीमा शतप्रतिशत खोप दिइएको छ। सरकारले पुस मसान्तभित्र लक्ष्य जनसंख्याको दुई तिहाइ र आगामी चैत मसान्तसम्म १६ वर्ष माथिका सबैलाई खोप लगाउने लक्ष्य लिएको छ।

यता सरकारले अग्रपंक्तिमा काम गर्नेलाई 'बुस्टर' डोज दिन थालेको छ। यस्तै माघ १४ गतेदेखि ६० बर्षभन्दामाथिका सवै ज्येष्ठ नागरिक र रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिलाई 'बुस्टर' डोज दिने भएको हो। सो कार्य शुरु भइसकेको छ।

सरकारले १८ वर्षभन्दा माथिका एक करोड ९९ लाख २२ हजार १६४ जनालाई खोप लगाउने लक्ष्य लिएको थियो। पहिलो मात्रा एक करोड ५८ लाख ३७ हजार ६७१ जना र पूर्ण मात्रा एक लाख २१



हजार २७ लाख ८२९ जनाले लगाएका छन्। कुल जनसंख्याको भने पहिलो मात्रा ५२.१ प्रतिशत र पूर्ण मात्रा ३९.९ प्रतिशतले लगाएका छन्।

यस्तै १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकालाई मन्त्रालयले मोडर्ना र फाइजर खोप लगाइरहेको छ। बालबालिकालाई अहिलेसम्म ५२ प्रतिशत पहिलो मात्रा र ०.१ प्रतिशत पूर्ण मात्राको खोप लगाइसकेका स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाका निर्देशक डा. विवेककुमार लालले जानकारी दिए।

उनका अनुसार ३३ स्थानीय तहले लक्षित जनसंख्याको शतप्रतिशतलाई पूर्ण मात्राको खोप लगाएका छन्। ओखलढुङ्गाका सिद्धिचरण नगरपालिका र खिजीडेम्बा गाउँपालिका, झापाको कन्काई नगरपालिका र विर्तामोड नगरपालिका, दोलखाको गौरीशङ्कर गाउँपालिका र जिरी नगरपालिका, रसुवा गोसाइँकुण्ड गाउँपालिका र उत्तरगया गाउँपालिकाले शतप्रतिशतलाई खोप लगाइसकेका छन्।

यस्तै काठमाडौंको कागेश्वरी मनहरा

(बाँकी अन्तिम पृष्ठमा)

# तेस्रो लिङ्गीका समस्यै-समस्या

**बिर्तामोड, माघ ३।** यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय (तेस्रोलिङ्गी) का अगुवा अधिकारकर्मीहरुले आफ्नो समुदायमाथि हुने सबै खाले विभेद अन्त्य गरी सम्मानजनक रुपमा बाँच्न पाउने अधिकार सुनिश्चितताका लागि सरकारको ध्यानकर्षण गराएका छन्।

बिर्तामोडमा सोमवार भएको एक छलफलमा सहभागी उनीहरुले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुका समस्या सम्बोधनमा तीनै तहका सरकार र राजनीतिक दल उदासिन भएको गुनासो गरे। आफूहरुले हरेक क्षेत्रमा अपमान र विभेद झेल्दै आएको बताउँदै उनीहरुले सम्मानजनकरुपमा बाँच्न पाउनुपर्ने बताए। जीवन निर्वाहका लागि आफूहरुलाई सरकारले उचित अवसर दिनुपर्नेमा समेत उनीहरुको जोड छ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको अधिकारका सवालमा काम गर्दै आएको संस्था लिड नेपाल दमकका अध्यक्ष सुशील पौडेलले घरपरिवार, विद्यालय, सार्वजनिक ठाउँ लगायत सबै क्षेत्रमा अपमानित र विभेदको सिकार हुनुपरेको बताएका छन्। अधिकारकर्मी नुमा लिम्बू चञ्चलाले आफूहरुको मुख्य लडाइँ पहिचान र समावेशिताको भएको बताइन्। उनले महिला, पुरुषसरह



तेस्रोलिङ्गीलाई सम्मानजनक व्यवहार हुनुपर्ने भन्दै हरेक क्षेत्रमा आरक्षणको व्यवस्था गर्न सरकारलाई आग्रह गरिन्।

तेस्रोलिङ्गीलाई 'हिजडा, छक्का' जस्ता अपमानित शब्द प्रयोग गरेर भावनामा चोट पुर्‍याउने र विभेद गर्ने गरिएको उनीहरुको गुनासो छ। ०६४ पुस ६ गते सर्वोच्च अदालतले पहिचानको आधारमा तेस्रोलिङ्गीलाई नागरिकता दिनू भनी आदेश गरे पनि त्यो सहज नभएको उनीहरुले बताएका छन्।

नागरिकता लिन जाँदा 'मेडिकल चेकजाँच गरेर पहिचानसहितको रिपोर्ट लिएर आउनू' भनेर फर्काइने गरेको, अनावश्यक प्रश्नहरुको सामना गर्नुपरेको उनीहरुको गुनासो छ। विद्यालयमा समेत शिक्षक र साथीभाइबाट विभेद र अपमानका कारणबीचमा नै पढाइ छोड्नुपर्ने अवस्था आउने, कुनै समस्या लिएर अस्पताल जाँदा त्यहाँ समेत विभेद र अपमानित हुनुपर्ने अवस्था रहेको उनीहरुले बताएका छन्। विभेदकै कारण घरपरिवार छाडेर बस्नुपर्ने, तेस्रोलिङ्गी भनेर थाहा पाएपछि डेरा नपाइने, पाएकालाई पनि निकालिने, बढी भाडा लिने जस्ता समस्या झेल्नुपरेको उनीहरु बताउँछन्।

लुकेर बसेका तेस्रोलिङ्गीलाई आफ्नो अस्तित्व र पहिचान दिलाएर स्वतन्त्र जीवन जिउन सक्ने अवस्था सृजनाका लागि आफूहरु लागीपरेको त्यस समुदायका अधिकारकर्मीहरुले बताएका छन्। उनीहरुले राजनीतिक दलले समेत तेस्रोलिङ्गीलाई समेट्न नसकेको भन्दै दलमा तेस्रोलिङ्गीको प्रतिनिधित्व सुनिश्चितताको माग गरेका छन्। उनीहरुले तेस्रोलिङ्गीका लागि स्वरोजगारमूलक कार्यक्रम ल्याउन सरकारलाई आग्रह गरेका छन्।

विभेद र अपमान सहन नसकेरै औपचारिक शिक्षालाई निरन्तरता दिन नसकेका, आर्थिक अवस्था कमजोर भएका र परिवारको समेत साथ नपाएकाहरु अहिले सबैभन्दा बढी समस्यामा रहेको भन्दै त्यस्तालाई लक्षित गरेर सरकारले विशेष कार्यक्रम ल्याउनुपर्ने आवाज उठाएका छन्। सरकारले

(बाँकी अन्तिम पृष्ठमा)

**कर्मचारी आवश्यकता**

**यस सेक्युरिटी सर्भिस कम्पनीलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।**

**(१) पद : लेखापाल** १ जना

**योग्यता :** BBS सो सरह, कम्प्युटरमा लेखा राख्न सक्ने कम्तीमा २ वर्षको अनुभव वेटेस

**तलब :** आकर्षक साथै अन्य सुविधा **(२) सेक्युरिटी गार्ड :** (महिला/पुरुष)

**सेक्टरवान सेक्युरिटी सर्भिस**

**पश्चिम बस स्टेण्ड दक्षिण, बिर्तामोड, फोन नं. : ९८१७९२६३२२, ९८५२६४१७४०, ९८२४९८२२९६**



**चिनी उद्योगमा उखु लगिँदैः** झापामा उत्पादित उखु चिनी उद्योग विराटनगरमा लगिँदै । पछिल्ला समय झापाका किसान व्यावसायिक रुपमा उखुको खेती गर्न थालेका छन् । **तस्वीरः यज्ञराज आङ्देम्बे/ रासस**

# पशुपतिद्वारा पत्रकार उपचार कोषसहित विभिन्न क्षेत्रमा सहयोग

**झापा, माघ ३।** झापाको शिवसताक्षी-८को पशुपति एकाडेमीले बिद्यालयको बार्षिकोत्सवको अवसरमा सामाजिक, आर्थिक तथा स्वास्थ्यको क्षेत्रमा सहयोग गरेको छ ।

सो एकाडेमीले ३२ औं बार्षिकोत्सवमा सोमबार नेपाल पत्रकार महासंघ झापा शाखाले स्थापना गरेको सहारा उपचारकोषमा ११ हजार रुपैयाँ नगद सहयोग गरेको छ । त्यसैगरी इलाका प्रहरी कार्यालय झिलझिले र ट्राफिक प्रहरीलाई स्वास्थ्य सामग्री वितरण गरेको छ ।

बिद्यालयले झापाको पुरानो ऐतिहासिक धार्मिकस्थल क्षेत्रका ज्येष्ठ नागरिक ९७ बर्षीय हरि मातालाई नगद, खाद्य सामग्री र न्यानो कपडासहित सम्मान गरेको विद्यालयका संस्थापक सञ्चालक चन्द्रप्रसाद खनालले जानकारी दिए ।

धाम क्षेत्रमा उद्धार गरी संरक्षण गरिएका गाई र सो आसपास क्षेत्रका बाँदरलाई फलफुल खुवाउने कार्यक्रम समेत गरिएको कार्यक्रमकी प्रमुख अतिथि शिवसताक्षी नगरपालिकाकी उपप्रमुख भोजकुमारी नेपालले बताइन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहन मैनालीको अध्यक्षतामा भएको कार्यक्रममा सहयोग पाएका दाताले विद्यालयले सामाजिक क्षेत्रमा गरेको सहयोगको प्रशंसा गरेका छन् ।

योसँगै नेपाल पत्रकार महासंघ झापाको पत्रकार उपचार कोषमा करिव ५१ लाख रुपैयाँ रकम जम्मा भएको छ । उक्त कोषलाई एक करोड पुर्‍याउने महासंघको उद्देश्य रहेको अध्यक्ष एकराज गिरीले बताए । शिवसताक्षी नगरपालिकामा निकै लोकप्रिय मानिएको निजी विद्यालय पशुपति एकाडेमीले आगामी दिनमा समेत थप सहयोग गर्ने जनाएको छ ।



# ‘ए मेरो हजुर ४’ आगामी बैशाख १बाट



अभिनेता अनमोल केसी र अभिनेत्री सुहाना थापा स्टारर फिल्म ‘ए मेरो हजुर ४’ को टिजर सार्वजनिक भएको छ । अघिल्लो हप्ता नै सार्वजनिक गर्ने तयारी गरिएको टिजर विभिन्न कारणले रोकिएको थियो ।

ज्योतिषीको सल्लाह अनुसार, निर्माण टिमले टिजर सार्वजनिक गरेको हो । टिजरमा अनमोल र सुहानाबीचको प्रेम, रोमान्स र विछोडलाई देखाइएको छ ।

फिल्मले यसअघि चैत २५ गतेलाई प्रदर्शन मिति घोषणा गरेको थियो । तर, यसको एक हप्तामा भारतका दुई फिल्म ‘लाल सिंह चढ्ढा’ र ‘केजिएफ २’ आउने भएपछि ‘ए मेरो हजुर ४’ को रिलिज बैशाख दोस्रो साता पुग्ने धेरैको प्रक्षेपण थियो ।

तर, अब यो फिल्म भारतका दुई ठूला फिल्मसँगै जुध्ने भएको छ । ‘ए मेरो हजुर ४’ ले चैत २५ को डेट छाड्दै बैशाख १ गतेलाई रिलिज तोकेको छ ।

भारतीय फिल्मसँग एकसाथ प्रदर्शनमा उत्रन नेपाली फिल्मले आँटै गर्दैनन् । हल र दर्शकको साथ नपाउने भयले विदेशी फिल्मको छायाँ देख्दा पनि नेपाली फिल्महरु भागाभाग हुने अवस्था छ । तर, ‘ए मेरो हजुर ४’ ले एक हप्ता हलमा एकलौटी प्रभुत्व जमाउने अवस्था रहँदारहँदै पनि भारतका दुई ठूला फिल्मलाई चुनौति दिन बैशाख १ (अप्रिल १४) मा आउने हिम्मत गर्नु प्रशंसा योग्य छ ।

सुहाना इन्टरटेन्मेन्टको प्रस्तुति र सुनिलकुमार थापा प्रोडक्सनले निर्माण गरेको यस फिल्मलाई झरना थापाले निर्देशन गरेकी हुन् । फिल्ममा झरना स्वयंको कथा रहेको छ भने पटकथा र संवादमा उनलाई स्व. छेतन गुरुङ, मन्दीप गौतम, बाबुराम दाहाल, प्रतीक पौडेल, उपकार पाण्डे र माधव शर्माले सघाएका छन् । सञ्जय लामाले खिचेको फिल्ममा हिमाल केसीको द्वन्द्व निर्देशन रहेको छ ।

# राष्ट्रिय सभा सदस्य निर्वाचन बारे छलफल

**इनरुवा, माघ ३।** नेपाली कांग्रेसका १ नं. प्रदेश सभापति उद्धव थापाले राष्ट्रियसभा सदस्य निर्वाचनको परिणामले राष्ट्रिय राजनीतिमा महत्वपूर्ण अर्थ र प्रभाव राख्ने बताएका छन् ।

सुनसरीको इनरुवामा आयोजित राष्ट्रियसभा सदस्य निर्वाचन सम्बन्धी छलफलमा प्रमुख अतिथि रहेका प्रदेश सभापति थापाले निरंकुशताको विरुद्ध लोकतन्त्र र संविधानको रक्षाका लागि ५ दलीय गठबन्धनका साझा उम्मेदवारलाई जिताउन आह्वान समेत गरे । १ नं. प्रदेशमा ५ दलीय गठबन्धनको मतभार बढी भएको थापाको भनाइ छ ।

कार्यक्रममा जनता समाजवादी पार्टीका बरिष्ठ नेता अशोक राई,  नेपाली कांग्रेसका केन्द्रीय सदस्य राजीव कोइराला, नेकपा एकीकृत समाजवादीका पोलिटब्यूरो सदस्य महेश रेग्मी, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य सुरेन्द्र मेहता, राष्ट्रिय जनमोर्चा नेपालका केन्द्रीय सदस्य विशाल पहाडी लगायतले मन्तव्य राख्दै राष्ट्रियसभा निर्वाचनमा मत सुरक्षित गर्ने कुरामा सचेत र सजग रहनुपर्नेमा जोड दिएका थिए ।

नेपाली कांग्रेस सुनसरीका सभापति केदार भण्डारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रदेश १बाट राष्ट्रिय सभाका उम्मेदवारहरु गोपालकुमार बस्नेत, जयन्ती राई र हेमराज राईले मन्तव्य राखेका थिए ।

# १० लाखको मोटरपाट्र्स बरामद

**झापा, माघ ३।** इलामबाट भन्सार छलेर नेपाल भित्र्याइएको करिब १० लाख मूल्य बराबरको मोटर पाट्र्स झापा प्रहरीले बरामद गरेको छ ।

इलामबाट झापातर्फ आउँदै गरेको बा ४ च ३०९ नम्बर कारलाई विशेष सूचनाको आधारमा प्रहरीचौकी चारआलीबाट खटिएको प्रहरी टोलीले मेचीनगर नगरपालिका-१२स्थित सहरेडाँगी चोकबाट सोमबार दिउँसो नियन्त्रणमा लिएको थियो ।

नियन्त्रणमा लिएको कारलाई खोलेर चेकजाँच गर्दा कारभित्र विभिन्न गाडीहरूमा प्रयोग हुने मोटर पाट्र्स बरामद गरिएको प्रहरी कार्यालय झापाका डीएसपी बसन्त पाठकले जानकारी दिए । बरामद गरिएको मोटर पाट्र्सको नेपाली बजार मूल्य ९ लाख ९२ हजार ८६० रुपैयाँ रहेको जनाइएको छ ।

सो सामान भारतबाट भन्सार छलेर इलामको नाकाबाट भित्र्याइएको हुन सक्ने प्रहरीको दाबी छ । बरामद गरिएको सामान, कार तथा चालक सूर्योदय नगरपालिका-२ निवासी मनोज खड्कालाई आवश्यक कारबाहीका लागि सोमबार नै मेची भन्सार कार्यालय काँकरभिट्टा बुझाइसकेको उनले बताए ।

# चीनको जन्मदर न्यून

**काठमाडौं, माघ ३।** चीनको जन्मदर गतवर्ष न्यूनमा झरेको आधिकारिक तथ्याङ्कले देखाएको छ । विश्लेषकहरूले अपेक्षा गरेभन्दा बढी बुढ्यौलीको कारण आर्थिक बृद्धिको चिन्तालाई गहिरो बनाउन सक्ने चेतावनी दिएका छन् ।

बेइजिङले जनसंख्याको बढ्दो संकटको सामना गरिरहेको छ किनभने यसले द्रुतरूपमा वृद्ध कार्यबल, सुस्त अर्थतन्त्र र दशकहरूमा देशको सबैभन्दा कमजोर जनसंख्या वृद्धिको सामना गरिरहेको छ । राष्ट्रिय तथ्याङ्क विभागको तथ्याङ्क अनुसार जन्मदर सन् २०२०मा १००० व्यक्तिमा ८.५२ दर रहेकोमा सन् २०२१मा ७.५२मा झरेको सो विभागले जनाएको छ ।

सो विभागका अनुसार सन् १९४९ मा कम्युनिष्ट चीनको स्थापना हुँदाको रेकर्ड शुरु भएयता यो तथ्याङ्क सबैभन्दा कम हो । सन् २०२१ मा, देशले एक करोड ६ लाख २० हजार जन्मदर्ता गरेको छ । आधिकारिक तथ्याङ्क अनुसार, यसैसँगै देशको जनसंख्या १ अर्ब ४१ करोड पुगेको छ ।

जनसांख्यिकीय चुनौति राम्ररी थाह छ- तर जनसंख्या बुढ्यौलीको गति अपेक्षा भन्दा छिटो छ, पिनपोइन्ट एसेट म्यानेजमेन्टका प्रमुख अर्थशास्त्री झिवेई झाङले भने । यसले चीनको सम्भावित बृद्धि अपेक्षा गरेभन्दा छिटो नहुने संकेत पनि गर्छ- उनले भनेका छन् । एक दशकमा एकपटक गरिने गतवर्षको जनगणनाको नतिजा अुसार चीनको जनसंख्या सन् २०६०पछि सबैभन्दा कम दरमा बढेको छ ।

# बताससंगको सम्झौता खारेज गर्न सिफारिस

**झापा, माघ ३।** बतास अर्गनाइजेशनसँग पशुपति धर्मशाला सञ्चालनका लागि गरिएको सम्झौता खारेज गर्न छानविन समितिले सिफारिस गरेको छ ।

पशुपति धर्मशाला लिजमा दिने सम्झौता अधिकार प्राप्त निकायको स्वीकृति विना गरिएको, बोलपत्रमा मापदण्ड निर्धारणमा मिलेमतो लगायत समेटर प्रतिवेदन बुझाउँदै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट गठन भएको छानविन समितिले बताससँगको सम्झौता खारेज गर्न सिफारिस गरेको हो ।

नेपाल-भारत मैत्री पशुपति धर्मशाला कोषबाट भाडामा लगाउँदा गरेको सम्झौता नियम र प्रचलित कानून बमोजिम भए-नभएको सम्बन्धमा विस्तृत अध्ययन गर्न गत पुस २३ गते छानविन समिति गठन गरिएको थियो ।

पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्ष नारायणप्रसाद सुवेदीको संयोजकत्वमा गठित धर्मशाला भाडा सम्झौता सम्बन्धी छानबिन समितिले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा सोमबार प्रतिवेदन पेश गर्दै सम्झौता भंग गर्न निर्देशन दिएको हो । समितिले धर्मशाला




लिजमा दिने सम्झौता अधिकार प्राप्त निकायको स्वीकृति बिना गरिएको देखिएको पनि ठहर गरेको छ ।

समितिले पेस गरेको प्रतिवेदनमा भनिएको छ- ’धर्मशाला निर्माण गर्दा र सम्झौता भएबमोजिम बेडको संख्या र दररेट फरक पारेको, कोषलाई बुझाउनुपर्ने करिब एक वर्षको भाडा नबुझाएको, धर्मशालामा विभिन्न अफिसहरु राखेको, कोषको स्वीकृति बेगर धर्मशालाको भित्री भौतिक संरचना र बाहिरी खाली भागमा विभिन्न संरचनाहरु निर्माण गर्ने जस्ता कार्यहरु गरी सम्झौताको उल्लंघन गरी शर्तहरु पालना नगरेकोले कानून बमोजिम सम्झौता भङ्ग गर्नुपर्छ ।’

## बुस्टर ...

नगरपालिका, भक्तपुरका भक्तपुर नगरपालिका र चाँगुनारायण नगरपालिका, ललितपुरको महालक्ष्मी नगरपालिका, काभ्रेको धुलिखेल नगरपालिकाले लक्षित जनसंख्याको शतप्रतिशत खोप लगाएका छन् ।

यस्तै मकवानपुरको हेटौंडा उपमहानगरपालिका, गोर्खाको गोरखा नगरपालिका र धार्चे गाउँपालिका तथा गण्डकी गाउँपालिका, मनाङको नामे र नासोङ गाउँपालिका, मुस्ताङका पाँचैवटा स्थानीय तहले पनि शतप्रतिशत पूर्ण मात्राको खोप लगाइसकेका छन् ।

कास्की जिल्लाको पोखरा उपमहानगरपालिका, मादी र रुपा गाउँपालिका, तनहुँको व्यास नगरपालिका, स्याङ्जाको पुतलीबजार र भिरकोट नगरपालिका, बागलुङको ताराखोला गाउँपालिका, रुपन्देहीको तिलोत्तमा नगरपालिकाले पनि लक्षित जनसंख्यालाई पूर्ण मात्रा खोप दिइसकेको छ ।

यस्तै पहिलो मात्रा शतप्रतिशत लक्षित समूहलाई खोप लगाइसकेको बाजुरा जिल्लाको बूढीगङ्गा नगरपालिकाले मात्र पूर्ण मात्राको खोप पनि शतप्रशितल लक्षित समूहलाई लगाइसकेको छ । बैतडीको पाटन नगरपालिकाले ९९.३ प्रतिशत लक्षित जनसंख्यालाई पूर्ण मात्रा खोप दिइसकेको छ ।

**‘कोरोना विरुद्धको खोपको समस्या छैन’**

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले कोभिड-१९ विरुद्ध खोप अभियान उच्च प्राथमिकताका साथ सञ्चालन भइरहेको जानकारी दिएका छन् । समाजवादी प्रेस सङ्गठन मोरङद्वारा सोमवार आयोजित पत्रकार भेटघाटमा उनले खोप अभियान सात वटै प्रदेशमा तालिका बनाएर अझ प्रभावकारी रुपमा सञ्चालन गर्ने नीति सरकारको रहेको छ भने । मन्त्रीखतिवडाले कोरोनाविरुद्ध खोपको समस्या नरहेको जनाउँदै अहिले चार करोड डोज खोप रहेको बताए ।

समग्र जनसंख्याका आधारमा ४० प्रतिशत जनताले खोप लगाइसकेको जानकारी दिँदै उनले खोपका लागि अस्थायी डेस्क पनि राखिने बताए । उनले भने- बढी भीडभाड हुने शहरमा नियमित खोप सञ्चालन गर्ने सरकारको तयारी छ । हालसम्म दुई करोड ८० लाख डोज खोप लगाइ सकिएको छ ।

उनले गत पुस ४ देखि १२ वर्षमाथि र १८ वर्षमुनिका बालबालिकालाई खोप लगाउने कार्य सञ्चालन भइसकेको बताए । उनका अनुसार अहिलेसम्ममा दुई डोज खोप लगाउने नागरिकको प्रतिशत ६० पुगेको छ । सरकार ओमिक्रोनको रोकथाम, उपचार एवं नियन्त्रण गर्नका लागि तयारी गरिसकेको जनाउँदै उनले सरकार होल्डिङ सेन्टर निर्माण गर्ने र अस्पतालमा आइसियू, भेन्टिलेटरको व्यवस्थासँगै धेरै अस्पतालमा अक्सिजन प्लान्ट स्थापना भइसकेको छ भने । कोरोनाको महामारीका समयमा नागरिकले गरेको बीमा लाभग्राहीले प्राप्त गर्न सरकार र कम्पनीसँग छलफल भइरहेको जानकारी दिए ।

## तेस्रो ...

अरु देशमा झैं नेपालमा पनि समलिङ्गी विवाहलाई मान्यता दिनुपर्ने, अल्पसंख्यकको रुपमा स्थानीय सरकारले भत्ताको व्यवस्था गर्नुपर्ने, परिवारको साथ नपाएका तेस्रोलिङ्गीलाई स्वतन्त्रपूर्वक बाँच्नका लागि आश्रमको व्यवस्था गर्नुपर्ने, सरकारी तथा निजी क्षेत्रमा रोजगारीका लागि तेस्रोलिङ्गीलाई पनि आरक्षणको व्यवस्था गर्नुपर्ने, सार्वजनिक शौचालयमा महिला, पुरुषझैं अन्य लिङ्गीको लागि पनि व्यवस्था गर्नुपर्ने उनीहरुको माग छ ।

प्रहरी सेनामा भर्ना भएर देशको सेवा गर्ने इच्छा भए पनि भर्नाका लागि जाँदा ‘ए छक्का पो रहेछ’ भनेर अपमानित ढंगले फर्काउने गरिएको गुनासो गर्दै उनीहरुले हरेक क्षेत्रमा आरक्षण सुनिश्चिततामा जोड दिए । छलफलमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका मुस्कान राई, बृयाना राई, रुबिना नेपाल, सुशान्त लिम्बू, हस्त मगर लगायतले आफ्ना विभिन्न समस्याहरु राखेका थिए । उनीहरुको सबैको जोड थियो- ‘राजनीतिक दल र तीनै तहका सरकारले यौनिक तथा लैङ्गिक अल्पसंख्यकका समस्यालाई सम्बोधन गरिदिउन् ।’ संवाद समूह झापाको संयोजनमा भएको छलफलको सहजीकरण अधिवक्ता खगेन्द्र खरेलले गरेका थिए ।

## बालिकालाई ...

जमुनी खोलामा उनको शव फेला परेको थियो ।

ती बालिकाको शव फेला परेको सूचना प्राप्त हुनासाथ तत्काल जिल्ला प्रहरी कार्यालय बारा तथा २ नम्बर प्रदेश प्रहरी कार्यालयबाट खटिएको प्रहरीले अनुसन्धान गर्ने क्रममा निज बालिकाको जबरजस्ती करणीपछि हत्या गरी फालेको खुल्न आएपछि घटनामा संलग्न सन्तोष साह र अपराध पुष्टि हुने दशीहरू लोप गर्ने प्रयास गरेकी शान्ति देवीलाई पक्राउ गरेको हो ।

उनीहरु उपर ज्यान सम्बन्धी कसूरमा जिल्ला अदालत बाराबाट ५ दिन म्याद थप गरी थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

## गरुवा ...

भएपछि हर्षित भएका छन् ।

गत २०७७ असार २३ गते एस.के. झापाली जेभीसंग पुल निर्माणको सम्झौता भएको थियो ।

आगामी २०७९ असार-१५ गतेभित्र पुल निर्माण गरिसक्ने ठेक्का सम्झौतामा उल्लेख छ ।

गरुवा खोलामा बन्दै गरेको पुलले नगरको वडा ३, ४, ५, ९ र १०, सूर्योदय नगरपालिकाको वडा १३ र १४ तथा इलाम सदरमुकामसम्मका नागरिक प्रत्यक्ष लाभान्वित हुने बताइएको छ ।

**होटल बिक्रीमा**

बिर्तामोड शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि अति चालू अवस्थामा रहेको श्री ब्रोदर्स रेष्टुरेन्ट एण्ड सेकुवा कर्नर बिक्रीमा छ ।
**सम्पर्क : ९८०८३२७४५०**

**सच्याइएको**

मिति २०७८ मंसीर २५ गतेको पूर्वाञ्चल दैनिकको ३ नं पेजमा प्रकाशित निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचनामा स्व. खडगप्रसाद बैध (खाता नं. २१११५२४२५०००५१) को श्रीमती पार्वती वैध हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
इलाम शाखा, इलाम
फोन नम्बरः ०२७-५२१७२४
फ्याक्सः- ०२७-५२१७३१

**भद्रपुरमा वितरक आवश्यकता**

यस पूर्वाञ्चल दैनिक पत्रिका वितरणका लागि चन्द्रगढी क्षेत्रमा एक जना वितरण चाहिएको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला । साइकल हुने व्यक्तिलाई मात्र प्राथमिकता दिइने छ । तलब नियमानुसार हुनेछ ।
**सम्पर्क : ९८४२६२६३०९, ०२३-५३००४४**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## स्वतन्त्रताको अनुभूति गराऊ

**नेपाल र भारतका बीचको सीमा विवाद कहिल्यै निको नहुने व्यथा बनिएको छ । सुगौली सन्धिपछि खुम्चिएको भू-भाग र अंग्रेजले छोडेर गएपछि बनेको भारतले बलमिच्याइँ गर्दै जाँदा हाम्रा अखण्ड भू-भागहरु अतिक्रमणको चपेटामा पर्दै गएका हुन् । उत्तरतर्फ विशाल देश चीन र पूर्व-पश्चिम र दक्षिण भारतसँग जोडिएको र आफैं भूपरिवेष्ठित भएका कारण यी दुबैसँग विवाद हुँदै आएको छ । त्यसमा पनि तीनतिरबाट जोडिएको भारतले दिनहुँजसो सीमा अतिक्रमण गर्दै गएर नेपालको स्वाधीनता, स्वतन्त्रता र सार्वभौम अधिकारमाथि प्रहार गरिरहेको छ । नेपालको अभीन्न भू-भागका रुपमा रहेको पश्चिमको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र माथि आज पनि भारतले कब्जा जमाइरहेको छ । ब्रिटिस सरकारले भारत छोडेर जानुअघि नै नेपालको भू-भाग रहेको सो ठाउँमा भारतले अहिले एकपक्षीय रुपले सडक निर्माण गरेर हकदाबी गरिरहेको छ । पूर्ववर्ती केपी ओली नेतृत्वको सरकारले सो स्थानलाई समेटेर नेपालको नक्सा जारी गरेको थियो । त्यसयता भारतसँग चिसिएको सम्बन्ध यथावत नै छ ।**

**यो सम्पूर्ण क्षेत्र नै अतिक्रमण गरेको एउटा उदाहरण हो भने देशका सबै सीमा क्षेत्रहरु रातारात खुम्चिँदै गएका छन् । पूर्वी-दक्षिणी सीमा कचनकवल-५, पाठामारीका बासिन्दा पनि स्वामित्वसँगै पहिचान गुम्ने चिन्ताले पिरोलिएको समाचार प्रकाशमा आएको छ । आफ्नो जग्गाको लालपुर्जासहित बर्षेनि राज्यलाई मालपोत बुझाउँदै आएका स्थानीयले भारत पक्षबाट रातारात सीमा स्तम्भ पश्चिमतर्फ सार्दै जाने र आफ्नो जग्गा जोतभोगमा अवरोध पुर्‍याउने गरेको पीडा पोखेका छन् । भारतीय सीमा रक्षक फौज एसएसबीको ठूलो जत्था नेपालतर्फ प्रवेश गर्ने गरेको पीडितले गुनासो गरेका छन् । ठूलाले सानालाई, धनीले गरीबलाई, बलियोले निर्धालाई खाने न्याय मत्स्य न्याय हो । पञ्चशीलको सिद्धान्तको अनुशरण गर्ने, संयुक्त राष्ट्रसंघको सदस्य हुने र एकअर्काको स्वतन्त्र अस्तित्व स्वीकार गर्ने कसैले पनि त्यसको उल्लघंन गर्नुहुँदैन ।**

**हाम्रा जयसिंह धामीहरुले यस्तै शोषण र अत्याचारमा परेर ज्यान गुमाउनु परिरहेको छ । सीमा क्षेत्रमा बसोबास गरेर आफ्नो र राष्ट्रको सम्पत्तिको संरक्षण गरेर बस्नेहरुले अनाहकमा शारीरिक, मानसिक तथा आर्थिक क्षति व्यहोर्नु परेको छ । यस्तै अप्ठ्यारोमा अभिभावक र संरक्षक हुनुपर्ने सरकारको अकर्मण्यता र मौनताले व्यक्ति मात्र होइन देशकै स्वतन्त्र अस्तित्वमाथि प्रहार भएको छ । कुटनीतिक र राजनीतिक क्षमता प्रस्तुत गर्दै यस्तो असमान व्यवहार सधैंका लागि अन्त्य गर्नुपर्ने आजको पहिलो आवश्यकता हो । यतातर्फ सरकारको गम्भीर ध्यानाकर्षण हुनुपर्छ, र नेपाली हुनुमा गौरव गर्ने आत्मानुभूति सबैले गर्न पाउनुपर्छ ।**

# नयाँ भेरियन्ट, लकडाउनको पुनरावृत्ति र बढ्दो त्रास


विमल लामिछाने

त्रास कै बीचमा बाँच्नुपर्ने र जीवन धान्नुपर्ने अवस्था बाध्यात्मक बनेकै थियो। तर, अब मानिसमा सचेतनाको विकास भइसकेको छ।

विगतका वर्ष झैं यो वर्ष पनि विद्यालयहरु बन्द भए। समग्र या स्मार्ट जे नाममा भए पनि लकडाउन पुनः हुने हो कि भन्ने त्रास जनमानसमा बढ्दै गएको छ। नयाँ स्वरूपमा देखापरेको ओमिक्रोन नामक कोभिडको नयाँ भेरियन्टका कारण संसारभर नै चिन्ता बढ्दै जाँदा नेपाल विकल्प बन्न क्ने कुरा पनि हुँदैन। छिमेकी मुलुक भारतमा दैनिक कोरोना संक्रमितको संख्या गुणात्मक बढिरहेको समाचार बाहिर आउँदा नेपाल पनि असुरक्षित महशुस हुनु स्वाभाविकै हो। भारतमा कोभिड-१९ को नयाँ ओमिक्रोन भेरियन्टका संक्रमित दिन दुई गुणा र रात चौगुणा जस्तै बढिरहेका छन्। यो अवस्थामा नेपालले पनि ओमिक्रोन सङ्क्रमणलाई कुनै पनि किसिमबाट सामान्य दृष्टिले लिइनुहुँदैन। भारतमा सङ्क्रमणमा वृद्धि हुने गति सँगै त्यहाँ रहेका हजारौं नेपालीको स्वदेश फर्किने क्रम शुरु भएको छ।

विषम् परिस्थितिको सामना गर्न अहिलेदेखि पर्याप्त तयारी एवम् सतर्कता यसबाट बच्ने पूर्वशर्त नै हो। संक्रमणको त्रास बढ्दै जाँदा सीमानाकाहरुमा कडाई गरिनुपर्ने हो, तर भारतसँग सीमा जोडिएका नाकाहरुमा खुल्ला आवत-जावत भइरहेकै छ। सीमानाका खुल्ला छ। भारत बाहेक अन्य देशहरुमा पनि सीमा क्षेत्रमा स्वास्थ्य परीक्षण केन्द्र स्थापना गरेर विदेशबाट फर्किने सबैको स्वास्थ्य परीक्षण गरेर मात्र गन्तव्यतर्फ जान दिइने तथा सङ्क्रमितलाई होल्डिड सेन्टरमा




राखेर स्वस्थ भएपछि मात्र घर पठाउने प्रधानमन्त्रीको निर्देशन सङ्क्रमण नियन्त्रणका दिशामा सकारात्मक छ। तर, कार्यान्वयन पक्ष फितलो छ। त्यसैगरी कोभिडविरुद्धको खोप कार्यक्रमलाई पनि कुनै पनि हालतमा नरोक्ने र यसलाई मुख्य प्राथमिकतामा राख्नुका साथै तेस्रो खोप भनिएको 'बुस्टर डोज'लाई व्यापक बनाउने सरकार प्रमुखको प्रतिबद्धता पनि ओमिक्रोन सङ्क्रमण नियन्त्रणका लागि महत्वपूर्ण कदम प्रमाणित हुने विश्वास लिन सकिन्छ।

पछिल्ला दिनहरुमा ओमिक्रोनको सङ्क्रमण विस्तार निकै आक्रामक गतिमा भइरहेको छ। नेपालमा नै पनि यसबाट दैनिक रूपमा सङ्क्रमित हुनेको संख्या तुलनात्मक रूपमा वृद्धि हुँदै गइरहेको तथ्यांकले देखाउन थालेको छ। छिमेकी भारतमा २४ घण्टामा नै एक लाखभन्दा बढी व्यक्तिमा ओमिक्रोन भेरियन्टको सङ्क्रमण फेला पर्न थालेको सार्वजनिक भएका छन्। त्यसैगरी हाम्रा अन्य छिमेकी सार्क मुलुकहरू बङ्गलादेश, पाकिस्तान, अफगानिस्तान, श्रीलङ्कामा सङ्क्रमण बढ्दै गएको छ। विश्व स्वास्थ्य सङ्गठनको पछिल्लो आँकडा अनुसार कोरोना सङ्क्रमणका कारण विश्वभर ५५ लाख मानिसले ज्यान गुमाइसकेका छन्। यो महामारीबाट ज्यान जोगाउन नौ अर्बभन्दा बढी कोभिडविरुद्धको खोप लगाइसकिएको छ। दुई वर्षअघि चीनमा पहिलोपटक देखिएको कोभिड सङ्क्रमणको सन्त्रासबाट तत्कालै मुक्ति पाउने सम्भावना देखिएको छैन।

कोभिड-१९ को नयाँ लहर चल्दा स्वास्थ्य पूर्वाधारमा ध्यान दिनैपर्ने हुन्छ। विगतका अप्रिय घटना दोहोरिन हुन्न भन्ने हेक्का सरकार पक्ष र नेतृत्वमा भएका दलहरुले विशेषगरी जिम्मेवार बन्न सक्नुपर्छ। सरकारले अक्सिजन र शय्याको समयमै व्यवस्था गर्न स्वास्थ्य मन्त्रालय लगायत नेपाली सेना, नेपाल प्रहरी लगायतका निकायलाई बेलैमा सचेत गराउनुभएबाट सम्भावित सङ्क्रमणका उपयुक्त तवरले सामना गर्न आवश्यक तयारी गर्न ढिला गर्नुहुँदैन।

कोभिड नियन्त्रणका सम्बन्धमा आवश्यक धेरै पूर्वाधार एवम् पूर्वशर्त सहजीकरणका लागि प्रतिबद्धता व्यक्त भएसकेको सन्दर्भमा अब कार्यान्वयनले गति लिनुपर्छ। यो महामारीबाट मुलुक तथा मुलुकबासीलाई आश्वस्त पार्ने तवरले कार्य गर्नुपर्छ। उच्च पदस्थदेखि सम्बद्ध सबैले एकजुट भएर आ-आफ्नो जिम्मेवारीबोधसँगै काम नगरी यो महामारीबाट पार पाउन सकिने अवस्था छैन भन्ने उदाहरण विगतका घटनाक्रमले देखाइसकेका छन्।

अब विश्वमा नोभेल कोरोना भाइरस (कोभिड-१९)को रोकथाम हतपत हुँदैन भन्ने लगभग निश्चित भएको छ। किनभने भाइरल रोगका विज्ञहरूले नै कोरोना भाइरसको संक्रमण अब हतपत रोकिइहाल्ने छाँटकाँट छैन भनेका छन्। त्यतिमात्रै होइन, केही विषय विज्ञहरूले यो महामारीले सन् २०२२ देखि २०२५ सम्म पनि आफ्नो प्रभाव कायम राखिराख्न सक्छ भनेका छन्। त्यस्तै केही विषय विज्ञहरूले भने यो महामारी एचआईभी/एड्स जस्तै दीर्घकालसम्म पनि रहन सक्ने भनेका छन्।

उता पछिल्लोपटक संयुक्त राष्ट्रसंघ अन्तर्गत रहेको विश्व स्वास्थ्य संगठन (यूएनडब्लूएचओ)का प्रमुखले पनि कोरोना भाइरसको यो महामारी ठिक हुन कम्तीमा अझै दुई वर्ष लाग्ने बताएका छन्। हुन पनि अहिलेसम्म कोरोना भाइरस स्थिर रहने वा कम हुनेभन्दा पनि बढ्नेक्रम नै जारी रहेको देखिन्छ।

खोप विकास गरेको कम्पनी फाइजरले पछिल्लोपटक ४४ हजार जना मानिसहरुलाई एउटा अध्ययनमा संलग्न गराएको सञ्चारमाध्यमबाट सार्वजनिक गरेको छ। कोरोनाको नयाँ भेरियन्टसँग जुधिरहेका दक्षिण अफ्रिकाका संक्रमितहरुलाई समेत अध्ययनमा सामेल गरिएको अध्ययनको निष्कर्श थियो, गम्भीर रोग तथा मृत्यु हुन नदिन खोप सय प्रतिशत असरदार छ। 'रियल वर्ल्ड तथ्याङ्कले पनि युके भेरियन्टविरुद्ध लगाइएका भ्याक्सिनहरु असरदार रहेको देखाएका छन्। कोरोनाका लक्षण देखापर्नबाट, अस्पतालमा भर्ना र मृत्यु हुनबाट रोक्न यो खोप ९७ प्रतिशत असरदार रहेको देखिएको छ।

फाइजर मात्रै होइन, नेपाल र भारतमा लगाइएका एस्ट्राजेनेकाका कोभिशिल्ड र कोभ्याक्सिनहरुले नयाँ भेरियन्टविरुद्ध आफ्नो प्रभावकारिता देखाइरहेका छन्। ती बाहेक मोर्डना, जोनसोन एण्ड जोनसोन खोपहरु पनि नयाँ भेरियन्टलाई रोक्न सक्ने बताइएको छ। यस्ता अध्ययन बाहेक अधिकांश जनतालाई खोप लगाइसकेका देशहरुका अस्पतालबाट आएका तथ्यांक हेर्ने हो भने खोपको प्रभावकारिताबारे अझै प्रष्ट हुन्छ। युके र इजरायलमा हेर्ने हो भने कोरोना संक्रमण दर र अस्पताल भर्ना हुने दर ज्यामितीय रुपमा घटिरहेको छ, भलै नयाँ भेरियन्टहरु त्यहाँ अझै विद्यमान छन्। यसबाट बुझ्नैपर्ने कुरा के हो भने कोभिडबाट हुने गम्भीर रोग र मृत्युबाट बच्नु छ भने कोराना खोप अहिले विकल्प बनेर आएको छ। यसको उचित प्रयोजन गर्न स्वास्थ्य मन्त्रालय गम्भीर हुनैपर्ने हुन्छ।

कोभिडविरुद्धको एक करोड दुई लाख डोज खोप मौज्दात हुँदाहुँदै पनि सिरिन्ज अभावका कारण खोप लगाउन नसकिएको अवस्था स्वास्थ्य मन्त्रालयले जनाइरहेको छ। यसलाई पूर्णता दिन ओमिक्रोन सङ्क्रमण विस्तार नियन्त्रणमा माघको पहिलो हप्ताबाट अग्रपङ्क्तिमा रहेर काम गर्नेहरूलाई तथा दोस्रो हप्ताबाट ६० वर्षभन्दा माथिका वृद्ध तथा अशक्त बिरामीलाई बुस्टर खोप लगाउन शुरु गरिने जानकारी स्वास्थ्य मन्त्रालयले गराइरहेको छ, तर यो कति सरल र सहज वितरण हुने हो त्यो भने हेर्न बाँकी नै छ।

विगतका दिनमा कोरोनाकालमा लकडाउन र निषेधाज्ञाको विकल्प थिएन। प्रहरी प्रशासन भीडभाड नहोस् र कोरोनाको जोखिम नहोस् भन्ने कुरामा सचेत थियो। प्रहरीलाई घरपरिवारको चिन्ता हुँदाहुँदै पनि कर्तव्य निर्वाह गर्नुपर्ने बाध्यता थियो। अर्कोतर्फ सामान्यजनलाई कोरोनाबाट मर्ने कि भोकबाट भन्ने चिन्ता थियो। त्रास कै बीचमा बाँच्नुपर्ने र जीवन धान्नुपर्ने अवस्था बाध्यात्मक बनेकै थियो। तर, अब मानिसमा सचेतनाको विकास भइसकेको छ। गम्भीर अवस्था बाहेक मानिस आफै जोगिएर पनि काम गर्नसक्ने अवस्थामा पुगिसकेका छन् मात्र रुल चाहिएको छ। यो अवस्थामा सरकारले लकडाउन मात्रै विकल्प देख्नुहुँदैन। स्थान र प्रकोपको प्रकृतिलाई हेरेर समस्याको समाधान गर्नतर्फ पनि सोच्नुपर्छ। सरकार प्रमुखका प्रतिबद्धता, निर्देशन एवम् सरोकारवाला निकायका कार्यक्रम कार्यान्वयनले ओमिक्रोन सङ्क्रमण नियन्त्रणमा सकारात्मक भूमिका निर्वाह गर्नेमा आमजनता अपेक्षित छन्। समयमा सम्बन्धित पक्षको ध्यान पुगोस्।

bmllamichhane@gmail.com

# राष्ट्रगुरू योगी नरहरिनाथ र कोटीहोम क्षेत्रको विकास

कुनै पनि ठाउँ, संस्था र संगठनको विकासका लागि धेरै व्यक्तित्वहरुको अनुपम र उदाहरणीय योगदान रहेको हुन्छ र त्यस्ता अग्रजहरुको सपना र दिनरातको मेहेनतको कारणले नै प्रगति सम्भव हुन्छ। भावी पुस्ताले सम्मानका साथ स्मरण गर्दै अनुकरणीय गुणहरुको अनुशरण गर्ने परिपाटीबाट नै कृतज्ञताको क्रम शुरु हुन्छ। आफ्ना पूर्वजको योगदानलाई आँखा चिम्लने र वर्तमान मात्र संसार हो र हामी मात्र सभ्य हौं भन्ने दम्भबाट सभ्यताको विनाश हुने हो र यस प्रकारको बेवास्ताबाट समाजसेवा र परोपकारी भावनाबाट अभिप्रेरित भई त्यसैको लागि जीवन सुम्पनेको मन कुँडिनु स्वभाविक हुन्छ। हुन त भद्र व्यक्तिले नामका लागि समाजसेवाको बाटोमा पाइला टेक्दैन, तर अरुहरूको लागि चाहिँ महत्त्वपूर्ण हुन्छ- कसरी समाजका लागि काम गर्ने अग्रजको सम्मान वा असम्मान के हुन्छ ? यो कुरालाई सबैले चासोको साथ हेर्छन्।

यस्तै परोपकारी र समाजसेवी व्यक्तित्व हुन् योगी नरहरिनाथ। कनकाईधाम कोटीहोम र योगी नरहरिनाथ एक अर्कोमा अन्योन्याश्रित थिए, छन् र रहनेछन्। कनकाईधाम कोटीहोम झापा जिल्लाको मध्य भाग भएर बहने पवित्र कनकाई नदीको पूर्वी किनारमा अवस्थित छ। कोटीहोमको स्थापना, विकास र विस्तारका लागि अत्युच्च भूमिका खेल्ने विशिष्ट व्यक्तित्व योगी नरहरिनाथको योगदानलाई झापा र विशेषगरी कनकाई नगरका नागरिकहरुले उच्च सम्मानका साथ स्मरण गरिरहेछन्। आफ्नो विशिष्टतासहित हजारौं, लाखौं धर्मानुरागी भक्तजन र स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गर्न कोटीहोम सफल भएको छ। कोटीहोमलाई आस्थाको केन्द्र र आकर्षक गन्तव्य स्थल बनाउन कोशेढुंगाको काम गर्ने योगीको योगदानलाई जुगजुगसम्म चीरस्थायी बनाउनु अति आवश्यक छ।

योगी नरहरिनाथको सम्मानका लागि पानीको फोहोरासहितको आकर्षक बगैंचा बनाई सोही स्थानमा योगीको शालिक बनाउने योजना पनि कार्यान्वयन भइसकेको छ। संस्कृत विद्यापीठलाई योगी नरहरिनाथ महाविद्यालय बनाउने, त्यस महाविद्यालयमा सुविधासम्पन्न धार्मिक पुस्तकालयको निर्माण गर्ने र नेपाल सरकारसँग पहल गरेर थप जमीनको व्यवस्था गरी जडीबुटी खेती र जडीबुटी संकलन केन्द्रका साथमा आयुर्वेद औषधालय निर्माण गर्ने परिकल्पनाका आधारमा अघि बढ्न आवश्यक छ।

योगी नरहरिनाथले वि.सं. २०३८ माघे संक्रान्तिका दिन तनहुँ जिल्लाको देवघाटस्थित गलेश्वरबाबा आश्रमदेखि कोटीहोम गर्न शुरु गरी एक सय २९ वटा कोटीहोम, ४५ वटा लक्ष्य होम र पाँच वटा शिव यज्ञहरू सम्पन्न गरेका थिए। यिनै कोटीहोम तथा यज्ञ आदिका माध्यमबाट वैदिक सनातन दर्शन, वेद, गायत्री, संस्कृत भाषा र गाईको महत्वबारे मानव समाजलाई शिक्षित तुल्याए। कोटीहोमकै माध्यमबाट संकलन भएको आर्थिक सहयोगलाई गुरुकुलहरू स्थापना गराउन सदुपयोग गरे। वैदिक दर्शनमा आध्यात्मिक क्रान्तिको शुरुवात गरे। वेद र उपनिषद्का उपदेशलाई सरल र सहजशैलीमा अर्थ्याए। पृथ्वी, जल, अग्नि, वायु र प्रकृतिको संरक्षणको महत्व उजागर गरे। देशभरि एक हजार आठ कोटी हवन सम्पन्न गर्ने महत्वाकांक्षी अभियानमा जुट्ने क्रममा झापाको कनकाई नदीको पूर्वी किनारलाई विशिष्ट विभूति योगीराज नरहरिनाथले छाने र २०४२ साल पुस १ देखि २७ गतेसम्म कनकाईधाम क्षेत्रमा महान अनुष्ठानको रूपमा बृहद् कोटीहोम महायज्ञको आयोजना गरियो। सो महायज्ञमा पाँच लाखभन्दा बढी भक्तजनहरु सहभागी भएका थिए।

योगी नरहरिनाथको जन्म वि.सं. १९७१ फागुन १७ गते आइतबारका दिन कालीकोट जिल्ला, तत्कालीन ठाँटीकोट गाउँ विकास समिति, वडा नं. ७, लालुलोखाडा, चाखा, लालुगाउँका भारद्वाजगोत्रीय ललितसिंह ऋक्सेन थापा र माता गौरीदेवी ( आत्रेयगोत्री)को द्वितीय पुत्रको रूपमा भएको थियो। आठ वर्षकै उमेरमा ब्रतबन्ध गरिएका बलवीरसिंह ऋक्सेन थापाले वि.सं. १९८१ मा जुम्ला चन्दननाथ मन्दिरका महन्त छिप्रानाथ योगीसँग सन्यास लिएपछि मात्र उनको नाम योगी नरहरिनाथ रहन गएको थियो। नाथ सम्प्रदायमा दीक्षित भएका सत्याग्रहित अभिव्यक्ति र हक्की स्वभावका धनी योगी नरहरिनाथ नेपाली राष्ट्रियता र संस्कृतिका धरोहर थिए। सादा जीवन र उच्च विचारका धनी योगी देशप्रेम, समाजसेवा र अध्यात्मलाई समायोजन गरी जीवनका भौतिक सुख-सुविधाबाट अलग रहेर सेवा, धर्म र त्यागका अनुपम दृष्टान्त र कृतिमान सिर्जना गर्दै निरन्तर कर्म क्षेत्रमा जुटिरहने



महान तपस्वी थिए। समग्र राष्ट्र, राष्ट्रियता र मानवसमाजका लागि आफ्नो जीवन समर्पित गर्ने योगी नरहरिनाथलाई राष्ट्र र नेपाली समाजले कहिले पनि बिर्सनु हुँदैन। उनी नेपालमा मात्र सम्मानित एवम् पूजित छैनन्, उनका सुकीर्ति एवम् देनहरू विश्वका वैदिक सभ्यताका हिमायतीका निम्ति उत्तिकै आदरणीय रहेका छन्।

जीवनभर अकथनीय कष्ट सहँदै आफ्नो अलौकिक प्रतिभा, भीष्मसंकल्प र अविच्छिन्न प्रयत्नसहित मानवजातिको उन्नयन र धर्मसंस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने एवम् विश्वकल्याण हेतु जीवन डोर्‍याउने क्रममा मुलुकका विभिन्न क्षेत्रको भ्रमणको सिलसिलामा सुरुङ्गाको भूमि टेक्न आइपुगेका योगी नरहरिनाथको योगदान स्वरूप आजको कोटीहोम अस्तित्वमा आउन सकेको हो। अत्युच्च राष्ट्रभक्तिले ओतप्रोत रहेका योगी यायावरी जीवन जिउँदै लोकोपकारी कार्यमा सदैव दत्तचित्त भएर लाग्ने सिलसिलामा कनकाईधाम क्षेत्रलाई पूर्वाञ्चलकै सनातनी वैदिक केन्द्र बनाएर जुगजुगसम्म यस क्षेत्रको गरिमालाई उँचो राख्ने कार्यको थालनी गर्न सफल भएका थिए। पुरातत्वविद् महान साधक प्रकाण्ड विद्वान परिब्राजक योगी नरहरिनाथ एक भविष्यद्रष्टा भएको कोटीहोमको आजको विकासबाट भन्न सकिन्छ। जीवनको धेरै समय घुमन्ते जीवन बिताउँदै जीवनको अन्तिम क्षणसम्म पनि योगीराज राष्ट्र र राष्ट्रियताका निमित्त चिन्तित भइरहे। योगी नरहरिनाथको सम्पूर्ण जीवन मातृभूमिको सेवा, राष्ट्रभक्ति, नेपाल र नेपालीको मौलिक भाषा र मौलिक संस्कृतिको जगेर्ना गर्ने सत्कार्यमा नै बितेको थियो। उनले सिर्जना गरेका कृतिहरू समाज, राष्ट्र र विश्वमानव परिवारका निमित्त अमूल्य सम्पत्ति हुन्।

कनकाई नदीको गरिमामय इतिहास युगौंयुगदेखि निरन्तर प्रवाहित भइरहेको छ। यही प्रवाहमा एक अत्यन्त विशिष्ट प्रतिभा र कर्मशील व्यक्तित्व कनकाईधाम कोटीहोमसँग जोडिन आइपुगे, जसलाई सम्झँदा आज हामी श्रद्धा र सम्मानले शिर निहुराउँछौं। उक्त क्षेत्रलाई अति विशिष्ट आध्यात्मिक केन्द्र बनाउने योगीराज नरहरिनाथको सपना थियो। उनले कोटीहोम सम्पन्न गरेपछि मात्र जनमानसले यस क्षेत्रलाई कोटी हवन भन्दै जाँदा कोटीहोम भनिएको देखिन्छ। योगीप्रति सम्मान जनाउने प्रमुख उपाय भनेको उनको सपना अनुसार कोटीहोमको क्षेत्रको सर्वाङ्गीण विकास हुनुपर्छ। कोटीहोमलाई नेपालका विशिष्ट महत्व बोकेका धार्मिक स्थलको रुपमा चिनारी दिन पहल गरिनुपर्छ। पशुपतिनाथ, स्वयम्भूनाथ, लुम्बिनी, बराहक्षेत्र, मुक्तिनाथ, स्वर्गद्वारी, देवघाट, माता पाथीभरा, मनकामना लगायतका नेपालका सुप्रसिद्ध तीर्थस्थलमध्ये कनकाईधाम कोटीहोम कुनै पनि अर्थमा कम छैन। अनेकौं देवस्थलहरु सहित प्राकृतिक, धार्मिक र आध्यात्मिक गरिमाले ओतप्रोत भएर रहेको कनकाईधाम कोटीहोम क्षेत्र पूर्वाञ्चलकै प्रसिद्ध पर्यटकीय क्षेत्रको रुपमा प्रगतिको मार्गतर्फ लागिरहेको छ।

नेपाल ऋषिममुनिहरुले तप गरेको र तेत्तीस कोटी देवताले बास गरेको भूमि हो भनेर विश्वास गरिन्छ। कनकाईधाम कोटीहोम वेदभूमि, तीर्थभूमि र धर्मभूमि हो। नदीकिनारमा फलेफुलेका छन् संसारका धेरै जसो सभ्यताहरु। झापाको लगभग मध्यभाग भएर बग्ने पवित्र कनकाई नदीको पूर्वी किनारामा अवस्थित कनकाईधाम कोटीहोम पनि नेपालकै एक प्रसिद्ध धार्मिक स्थलमा विकास, विस्तार र प्रचारित हुँदै गएको आजको यथार्थ छ। पवित्र भूमि हुनुको गौरवलाई अझ उचाइबाट स्थापित गर्न कोटीहोम क्षेत्रमा गर्न धेरै बाँकी छ। हजारौं लाखौं भक्तजनको लागि विश्वासको धरोहरको रुपमा रहेको यो क्षेत्रको विकास हुनु र योगीराजको योगदानको उचित मूल्यांकनका साथमा कोटीहोम क्षेत्रलाई धार्मिक तथा प्राकृतिक सौन्दर्यले भरिपूर्ण पर्यटकीय क्षेत्र बनाउन सबै क्षेत्रको सहयोगको खाँचो छ।

योगी नरहरिनाथको सम्मानका लागि उनले निर्दिष्ट गरेको मार्गदर्शन अनुसार दूरदृष्टि राख्न, सोही अनुसारका गुरूयोजना, दीर्घकालीन योजना र मध्य तथा अल्पकालीन योजना बनाई अघि बढ्न सकेमा कोटीहोम क्षेत्रको मुहार फेर्न सकिन्छ र योगी नरहरिनाथको सपनालाई साकार पार्न सकिन्छ। समाजसेवी व्यक्तित्वहरू नबलकिशोर दत्त, नरेन्द्र फुयाँल, नारायण ओली, डिल्लीराम बाराकोटी, खड्गप्रसाद प्रसाईं, दीननाथ खतिवडा लगायतको नेतृत्वमा कनकाईधाम धार्मिक विकास संस्था नित्यनिरन्तर कोटीहोम क्षेत्रको विकासका लागि चिन्तनशील रहेको छ। स्थानीय सरकारको रूपमा रहेको कनकाई नगरपालिका, प्रदेस सरकार र केन्द्र सरकारले पनि यो क्षेत्रको विकासमा धेरै चासो राखेको पाइन्छ र तीनै तहका सरकारको सकारात्मक सोचबाट र झापाली जनताको अपार साथ र समर्थनबाट यो क्षेत्रको अझ विकास हुने निश्चित छ।

**प्रस्तुति : तीर्थराज खरेल**

# ओभ्रेलमा चुलाचुली गुफा



**झापा, माघ ३।** भोजपुरको दक्षिणी क्षेत्रमा रामप्रसादराई गाउँपालिका- ४ दलगाउँमा रहेको धार्मिक तथा पर्यटकीय स्थल चुलाचुली गुफा ओझेलमा परेको छ ।

त्यहाँका ढुंगामा रहेका देवी-देवताको आकृतिसँगै ढुङ्गाको बनावट सबैका लागि अनौंठो लाग्छ । डाँडामा रहेको यो स्थानको करिब दुई रोपनी क्षेत्रमा रहेको ढुङ्गा खोलाका बगर झैं कुदिएका छन् । दलगाउँको दिपेनीमा रहेको यो गुफाभित्र महादेवको मूर्ति रहेको स्थानीयबासीको भनाइ छ ।

स्थानीयबासी हरिबहादुर राईले भने- 'यस्तो प्रकारका अनौंठो धार्मिक स्थल नेपालमा कमै होलान् । हेर्न आउने यहाँको ढुंगाको बनावट देखेपछि अचम्ममा परेर हामीलाई सोध्छन्' -राईले भने- 'यो क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विस्तार गर्न सके धेरै पर्यटक भित्र्याउन सकिन्छ ।'

त्यहाँका ढुंगामा मादल समेत बजाउन सकिने स्थानीयबासी शान्तकुमार राईले बताए । अहिले दैनिक रुपमा दुई समूह मानिस आउने गरेको उनको भनाइ छ । राईले भने- 'यो ठाउँ निकै सुन्दर र अनौंठो प्रकारको छ । अहिले आन्तरिक पर्यटक आएर दर्शन गर्ने गरेका छन् । 'परापूर्व कालदेखि नै यो ठाउँका ढुंगा यस्तै छन् । यो एउटा धार्मिक स्थल हो । यहाँको गुफाभित्र शिवको मूर्ति पनि छ ।'

दुर्गम तथा प्रचारप्रसार नभएको कारण यो स्थान ओझेलमा परेको राईको भनाइ छ । हामी स्थानीयबासीले दैनिक रुपमा पूजाआजा गर्दै आएका छौं ।'

गाउँपालिकाले यो धार्मिक तथा पर्यटकीय क्षेत्रको विकासका लागि विस्तृत परियोजना प्रतिवदेन तयार गरेर काम गरिरहेको जनाएको छ । यसलाई गाउँपालिकाको आर्थिक स्रोतको रुपमा विकास गर्ने योजना रहेको गाउँपालिका अध्यक्ष विजय राईले बताए । राईले भने- 'यहाँको ढुंगाको बनावटले सबैलाई अचम्म पार्छ । अहिले यसको योजनाबद्ध विकासमा गाउँपालिका जुटेको छ ।'

संरक्षण तथा सुरक्षाको लागि सो स्थान रहेको ठाउँमा पर्खाल लगाएर घेराबार गरिरहेको छ । यसलाई थप व्यवस्थित गरेर लैजाने तयारीका साथ काम भइरहेको गाउँपालिका उपाध्यक्ष सम्झना राईले जानकारी दिइन् । उपाध्यक्ष राईले भनिन्- 'यस क्षेत्रको निकै ठूलो धार्मिक महत्व छ । यो ठाउँ ओझेलमा थियो तर जनप्रनिधि आएपछि स्थानीयबासीको चाहना अनुसार यो ठाउँको विकासमा जुटेका छौं ।'

# हत्या आरोपमा एकजना पक्राउ

**झापा, माघ ३।** सोलुखुम्बुको माप्य दूधकोशी-१ बुम्रेका ४५ बर्षीय वाङ्दी शेर्पालाई छिमेकीको कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ ।

वाङ्दी शेर्पाले सोही स्थानका ५२ बर्षीय दानु शेर्पालाई दाउराले टाउकोमा प्रहार गरी हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

घटनाको जानकारी पाएलगत्तै प्रहरी चौकी खरिखोलाबाट प्रहरी टोली खटिएर शेर्पालाई नियन्त्रणमा लिएको बताइएको छ । घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सोलुले जनाएको छ ।


## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**


## प्रेस विज्ञप्ति

नेपाल राष्ट्रिय शिक्षक संगठन नेपाली शिक्षकहरुको पेशागत मर्यादा, सुरक्षा, हकहित र अधिकारको प्राप्ती, संरक्षण र संवर्द्धनका लागि स्थापना भई निरन्तर संघर्षरत शिक्षकहरुको एकमात्र स्वतन्त्र ट्रेड युनियन हो । विभिन्न कालखण्डमा विभिन्न व्यक्ति र समूहहरुका व्यक्तिगत, राजनीतिक, भौगोलिक, गुटगत स्वार्थका कारण संगठनलाई विभाजित गर्ने र शिक्षकहरुको पेशागत आन्दोलनलाई कमजोर तुल्याउने षड्यन्त्रहरु हुँदै आएको भए पनि नेराशि संगठन हाम्रो पेशागत आन्दोलनको मूल प्रवाहको रुपमा रहँदै आएको छ । पछिल्लो समय संगठनलाई केही व्यक्तिहरुको गुटगत आग्रह र पदलोलुपताको कारण फेरि चोइट्याउने र प्रगतिशील नेपाल राष्ट्रिय शिक्षक संगठन स्थापना गर्ने कार्य भएको र म आफू समेत भ्रमवश सो समूहको झापा जिल्ला समितिको अध्यक्ष बनेकोमा आजैका मितिदेखि उक्त संगठन परित्याग गरी गौरवशाली नेपाल राष्ट्रिय शिक्षक संगठन मै आवद्ध रहेको घोषणा गर्दछु । साथै विभाजनकारी गतिविधिमा भ्रमवश संलग्न हुनुभएका सम्पूर्ण साथीहरुमा समेत मूल घरमै फर्कन आग्रह समेत गर्दछु ।

**डिल्लीराम सुवेदी**
**शिक्षक, गणेश आधारभूत विद्यालय**
**अर्जुनधारा-१, झापा**


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## डा. रामकुमार सिटौला

MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:०० बजेदेखि मेची अञ्चल अस्तालबाट

सम्पर्क : **कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर**
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५

*नोटः यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ ।*

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



**नारायणप्रसाद बाँस्तोला**
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

'अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।



सम्पर्कः ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।



सम्पर्कः
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

## ठाकुर पोलिक्लिनिकमा

विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा

**डा. पिताम्बर ठाकुर**
MBBS MD (TU) NMC 1914 Consultant Physician
समयः दैनिक बिहान ११-२ बजेसम्म, दिउँसो ४ बजेपछि

**हाम्रा थप सेवाहरु :**
डा. शंशाकराज कोइराला : टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
डा. लवराज लोहनी : बाथरोग विशेषज्ञ
डा. केशव मण्डल : नवजात शिशु तथा बालरोग विशेषज्ञ
डा. धिरज गिरी : नाक, कान, घाँटी रोग विशेषज्ञ
डा. विवेक रौनियार : हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
डा. केशव ढकाल : छाला, कुष्ठ तथा यौनरोग विशेषज्ञ
डा. शम्भु नवल : वरिष्ठ चिरफार सर्जन विशेषज्ञ

यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ ।

पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा, फोन :०२३-५९०००८, ९८१७९६४७७१

## डाक्टर आउने बारेको सूचना

**डा. दिपायन पाण्डे**
MBBS, M.D.
वरिष्ठ छाला तथा सौन्दर्य रोग विशेषज्ञ
प्रत्येक विहीवार
११ बजेदेखि
डल्फिन स्कीन हस्पिटलबाट

**डा. मुक्ति आचार्य**
MBBS, M.D. (KU)
वरिष्ठ मानसिक तथा नशा रोग विशेषज्ञ
प्रत्येक महिनाको पहिलो
र तेस्रो शनिवार
नोबेल मेडिकल कलेजबाट

## मेडिसिटी फार्मेसी

भद्रपुर रोड, बैंक अफ काठमाडौं छेऊ बिर्तामोड
फोन : ०२३-५४१३५९, ९८५२६८२८४५

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले
Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।





यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

[redacted]शान्त मोटरसाइक[redacted]
[redacted]र्स एण्ड सर्भिसिङ से[redacted]
[redacted]ानीटंकीको पहिलो गल्ली दायाँ साइड[redacted]
[redacted]न्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१[redacted]


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

स्व. अकल मान लिम्बुको नाति स्व. रुपध्वज लिम्बूको छोरा १ नं. प्रदेश झापा जिल्ला बिर्तामोड नपा वडा नं. १० बस्ने मानविर लिम्बूले यस बिर्तामोड शाखामा खाता नं. १८२१५२४०३००१० सञ्चालन गर्दै आउनुभएकोमा मिति २०७६/१२/२० मा निज खातावाला मानविर लिम्बूको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको छोरा नाता पर्ने दिलबहादुर लिम्बूले मृत्युदर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंकसमक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक मानविर लिम्बूको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको बिर्तामोड शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर-बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**बिर्तामोड शाखा**
बिर्तामोड, झापा
फोन नम्बर : ०२३-५३०५१०

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

स्व. झमान सि विश्वकर्माको छोरा गणडकी प्रदेश स्याङ्जा जिल्ला वानेथोक गा पा वडा नं. ०८ बस्ने छविलाल विश्वकर्मा भन्ने छविलाल घर्तीले यस बिर्तामोड शाखामा खाता नं. १८२१५२४०३००७७२ सञ्चालन गर्दै आउनुभएकोमा मिति २०७८/०२/२८ मा निज खातावाला छविलाल विश्वकर्मा भन्ने छविलाल घर्तीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको पत्नि नाता पर्ने इन्द्र कुमारी वि.क. भन्ने घनमाया घर्तीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंकसमक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक सछविलाल विश्वकर्मा भन्ने छविलाल घति को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ ( पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको बिर्तामोड शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर-बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**बिर्तामोड शाखा**
बिर्तामोड, झापा
फोन नम्बर : ०२३-५३०५१०




## उपकार ब्राण्ड

अब हर घरको शान

स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस् ।

नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यलिय बिर्तामोड, पथरी, इलाम
सम्पर्कः ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३


## साधना संस्कृति नमूना कृषि फर्म
## झापा गाउँपालिका कामाटोली, झापा
## शिलबन्दी दरभाउ पेश गर्ने बारे सूचना

*प्रथम पटक प्रकाशित मिति : २०७८/१०/०४*

आ.व. २०७८/०७९ मा यस कृषि फर्म तथा कृषि फर्म केन्द्र झापा बीच प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत नयाँ केरा ब्लक विकास कार्यक्रम सञ्चालनार्थ त्रिपक्षीय सम्झौता बमोजिम तपशील अनुसारका स्पेसिफिकेसन भएका सिंगल क्याव ढुवानी साधन खरिद गर्नुपर्ने भएकाले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र (२०७८/१०/२४ सम्म) यस कृषि फर्म झापा गाउँपालिका वडा नं. ३ मा कार्यालय समयभित्र शिलबन्दी दर भाउ पेश गर्नुहुन सम्बन्धित आपूर्तिकर्तालाई जानकारी गराइन्छ ।

**थप जानकारीका लागि मोवाइल नं. ९८१७९८४५५७ मा सम्पर्क गर्न सक्नुहुनेछ ।**

**तपशील**

| क्र.सं. | विवरण | स्पेसिफिकेसन | परिमाण | दर रू. भ्याट समेत | कै. |
|---|---|---|---|---|---|
| 1 | 2WD Pick Up (Single Cab) | **Maximum rated power output not less than 85 HP at governed RPM with torque min. 200 NM @ governed RPM,** engine fully equiped with accessories for efficient full load operation of the vehicle at operating conditions. | 1 | | |

**संलग्न गर्नुपर्ने आवश्यक कागजपत्रहरु :**
१. रु १० टिकटसहितको निवेदन ।
२. आपूर्तिकर्ता फर्म वा संस्था व्यावसायिक दर्ता भएका प्रमाणपत्र (नविकरण समेत)को प्रतिलिपि ।
३. आन्तरिक राजश्व कार्यालयको भ्याट नं. को प्रतिलिपि ।
४. स्पेसिफिकेशन सहितको क्याटलक ।
५. डिलर सिपको भए डिलर सिपको प्रमाणपत्रको प्रतिलिपि ।
६. आ.वं. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।



**ज्यो. पं. खेमप्रसाद पौडेल**
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -** समय अत्यन्तै वलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, सुखद् खबर सुनिनेछ व्यापार-व्यवसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, [redacted]**
लामो दूरीको यात्रा हुने सम[redacted]ग्यले साथ
दिनेछ, टाढिएका मित्रजनसँ[redacted]लो अवसर
मिल्नेछ ।

**सिंह (मा, मि, मु, मे, मो, ट[redacted]**
काममा नोक्सानी व्यहोर्नुपर्ने [redacted]को प्रक्रिया अघि
बढाउन सकिने योग छ, भैप[redacted] चिन्ता होला ।

**कन्या (टो, प, पि, पु, ष, ण[redacted]**
रचनात्मक काम शुरू गर्ने [redacted], पहिले
गरिएको कामको हौसलाले [redacted]छ, स्वास्थ्यले
राम्रो साथ दिनेछ ।

**तुला (र, रि, रु, रे, रो, [redacted]) -**
बोल्दा विचार पुऱ्याउनुहो[redacted] प्राप्तिको योग छ,
पराक्रममा वृद्धि होला, आ[redacted]हयोग प्राप्ति होला ।

**बृश्चिक (तो, ना, नि, न[redacted], यि, यु) -**
तीर्थ यात्रा हुनेछ, यो स[redacted]ाइको पूर्ण सहयोग
पाइने छ, पराक्रममा वृ[redacted]ुमाथि विजय
प्राप्तिको योग छ ।

**धनु (ये, यो, भ, भि, भु[redacted]भे) -**
बोलीमा विचार पुऱ्याउ[redacted]बोल्दा पनि नराम्रो
सुनीन सक्छ, गुप्ताङ्गमा [redacted]न सक्छ, सतर्क
रहनुहोला ।

**मकर (भो, ज, [redacted]**
समय बलवान र[redacted] थालनी
गर्नुभएमा तपाइँक[redacted] सम्बन्ध
सुमधुर रहला ।

**कुम्भ (गु, गे, गो[redacted]द) -**
समय मिश्रित फल[redacted]न्धी
समस्याले सताउन [redacted] हुनेछ ।

**मीन (दि, दु, थ, [redacted]**
समय अनुकूल र[redacted] छ,
बोलिको भरमा अ[redacted], मन
प्रसन्न रहला ।